

# ११ बाइबलका अरू लेखहरूमा व्यवस्थाको पुस्तक

***यस अध्यायका मूल पदहरू:*** २ राजा २२, नेहमिया ९:६, यर्मिया ७:१-७, भजन १४८:४, यर्मिया २९:१३, मीका ६:१-८ र दानिएल ९:१-१९।

***यस अध्यायको मूल सार पद:*** **"तिमीहरूका पिता-पुर्खामा नै आफ्नो प्यार खन्याई परमेश्‍वरले तिनीहरूलाई प्रेम गर्नुभयो, र आज तिमीहरूले देखेझैं तिनीहरूका सन्तान तिमीहरूलाई नै सबै जातिहरूका माझबाट उहाँले चुन्नुभयो" (व्यवस्था १०:१५ रूपान्तरित)।**

बाइबलमा धेरै चकित पार्ने तथ्यहरू छन्। तिनीहरूमा विशेष गरेर पुरानो करारका पुस्तकहरूले पुरानो करारकै पुस्तकहरूबाट भनाइहरू उतारेको पाइन्छ। पुरानो करारका पछिका लेखकहरूले पहिलाका भनाइहरू आफ्नो विषयलाई ठोकुवा बनाउन उतार्दछन्।

उदाहरणमा हामीले भजन ८१ लिन सक्छौं। भजनको लेखकले प्रस्थानको पुस्तकतिर ध्यान लगाउँदै, दश आज्ञाको प्रारम्भिक वाक्यलाई जस्तातस्तै सारेको देखिन्छः "म परमप्रभु तिमीहरूका परमेश्‍वर हुँ, जसले तिमीहरूलाई मिश्रदेशबाट निकालेर ल्यायो। तिमीहरूको मुख पूरा खोल, र म त्यो भरिदिनेछु" (भजनसंग्रह ८१:१०)।

पुरानो करारभरि विशेष गरेर सृष्टिको कथालाई औंल्याएको पाइन्छ। उदाहरणमा, यर्मिया ४:२३लाई लिन सकिन्छः "मैले पृथ्वीलाई हेरें, र त्यो त आकारहीन र शून्य थियो। अनि आकाशलाई मैले हेरें, र त्यहाँ ज्योति नै थिएन।" यर्मियाले उत्पत्ति १:२ नै सारेको देखिन्छ। र पुरानो करारका अगमवक्ता वा लेखकहरूले व्यवस्थाको पुस्तकतिर इस्राएलीहरूको ध्यान आकर्षित गर्दछन्। सुरुका इस्राएली जनहरूको करारको जीवनमा यस

पुस्तकले मूख्य भूमिका खेलेको थियो। पछिका लेखकहरूले व्यवस्थाको पुस्तकलाई कसरी प्रयोग गरेका थिए भनेर यस अध्यायमा हामी हेर्नेछौं। तिनीहरूले व्यवस्थाको पुस्तकको कुन भागहरू तिनीहरूले उतारे र के विषयबस्तुहरूलाई तिनीहरूले औँल्याएका थिए जुन हाम्रो लागि अहिले पनि त्यत्तिकै महत्त्वपूर्ण छन भनेर देखाउँछ सो हामी नियाल्नेछौं।

## १. व्यवस्थाको पुस्तक

आठ वर्षको उमेरमा योशियाह यहूदाको राजा भएको थिए। उनले ३१ वर्षस्म राज्य गरे (ई.पू. ६४०-६०९)। उनको मृत्यु युद्ध मैदानमा भएको थियो। उनको राजको १८ वर्षमा एक विशेष घट्ना भयो। त्यस घट्नाले कमसेकम केही वर्षसम्म परमेश्‍वरको जनहरूको इतिहास बदलिएको थियो।

२ राजा २२ पढ्नुहोस्। यी अध्यायबाट हामीले के पाठहरू सिक्न सक्छौं? हेर्नुहोस्, "१ जब योशियाह राजा भए तब तिनी आठ वर्षका थिए, र तिनले यरूशलेममा एकतीस वर्ष राज्य गरे। तिनकी आमाको नाउँ अदायाहकी छोरी यदीता थियो। तिनी बोस्कतकी थिइन्। २ तिनले परमप्रभुको दृष्टिमा जे कुरो असल थियो त्यही गरे। तिनी देब्रे-दाहिने नलागी आफ्ना पुर्खा दाऊदकै सबै चालहरूमा हिँडे। ३ आफ्नो शासनकालको अठारौं वर्षमा योशियाह राजाले मशुल्लामका नाति, असल्याहका छोरा सचिव शापानलाई परमप्रभुको मन्दिरमा पठाए। ४ तिनले भने, "प्रधान पूजाहारी हिल्कियाहकहाँ जाऊ, र ढोकेहरूले मानिसहरूबाट ग्रहण गरेका, परमप्रभुको मन्दिरमा ल्याइएको रुपियाँपैसा तयार राख्नू भनी तिनलाई भन। ५ मन्दिरका मुख्य कर्मचारीहरूका हातमा त्यो दिनू, र तिनीहरूले परमप्रभुको मन्दिर मरम्मत गर्ने मानिसहरूलाई दिऊन्। ६ अर्थात् सिकर्मी, डकर्मी र निर्माण गर्नेहरूलाई। मन्दिर मरम्मतको निम्ति काठपात र काटेका ढुङ्गाहरू तिनीहरूले किनून्। ७ तिनीहरूलाई दिइएको रकमको हरहिसाब तिनीहरूले नलिऊन्, किनभने तिनीहरू विश्‍वाससित काम गरिरहेका छन्।" ८ प्रधान पूजाहारी हिजकियाले सचिव शापानलाई भने, "मैले परमप्रभुको मन्दिरमा व्यवस्थाको पुस्तक भेट्टाएको छु।" तिनले त्यो शापानलाई दिए, र तिनले त्यो पढ़े। ९ तब सचिव शापान राजाकहाँ गएर तिनलाई भने, "हजूरका अधिकारीहरूले परमप्रभुको मन्दिरमा भएको रकम लिएर मन्दिरमा काम गर्नेहरू र कामको हेरचाह गर्नेहरूलाई दिएका छन्। १० त्यसपछि सचिव

शापानले राजालाई यो सूचना दिए, "प्रधान पूजाहारी हिजकियाले मलाई एउटा
पुस्तक दिएका छन्।" अनि शापानले त्यो राजाको सामुन्ने पढ़ेर सुनाए। ११
जब राजाले व्यवस्थाको पुस्तकमा लेखिएका कुरा सुने, तब तिनले आफ्ना लुगा
च्याते। १२ तिनले पूजाहारी हिल्कियाह, शापानका छोरा अहीकाम, मीकायाका
छोरा अक्बोर, सचिव शापान र राजाका टहलुवा असायाहलाई यो हुकुम गरेः
१३ "मेरो आफ्नै लागि, प्रजाको लागि र सबै यहूदाको लागि यो फेला पारेको
पुस्तकमा के लेखिएको छ भनी गएर परमप्रभुसित सोधपूछ गर। हाम्रा विरुद्धमा
परमप्रभुको भयानक रीस उठेको छ, किनभने हाम्रा पिता-पुर्खाहरूले यस
पुस्तकका वचनहरू पालन गरेका छैनन्। हाम्रा विषयमा त्यहाँ लेखिएका सबै
कुराअनुसार तिनीहरूले व्यवहार गरेका छैनन्।" १४ यसैले पूजाहारी
हिल्कियाह, अहीकाम, अक्बोर, शापान र असायाह राजमहलको लुगाफाटो
हेरचाह गर्ने हरहसका नाति, तिक्भाका छोरा शल्लूमकी पत्नी अगमवादिनी
हुल्दाकहाँ सोधपूछ गर्नलाई गए। तिनी यरूशलेमको दोस्रो टोलमा बस्थिन्।
१५ तिनले तिनीहरूलाई भनिन्, "परमप्रभु इस्राएलका परमेश्वर यही भन्नुहुन्छः
तिमीहरूलाई मकहाँ पठाउने मानिसलाई भन, १६ "परमप्रभु यसो भन्नुहुन्छः
यहूदाका राजाले पढ़ेको यस पुस्तकमा लेखिएको हरेक कुराबमोजिम म यस
स्थान र त्यसका मानिसहरूमाथि सर्वनाश ल्याउनेछु। १७ तिनीहरूले मलाई
त्यागेका छन्, र अरू देवताहरूलाई धूप बालेका छन्, र आफ्नै हातले बनाएका
सबै मूर्तिहरूद्वारा मलाई रीस उठाएका छन्। यसैकारण यस स्थानको विरुद्धमा
मेरो रीस उठेको छ, र त्यो शान्त हुनेछैन÷। १८ परमप्रभुलाई सोधपूछ गर्न
पठाउने यहूदाका राजालाई तिमीहरूले यही कुरा भन, 'तपाईंले सुन्नुभएको
वचनको विषयमा परमप्रभु इस्राएलका परमेश्वर यही भन्नुहुन्छः १९ तिम्रो हृदय
जवाफ दिनलाई उत्सुक भएकोले, र मैले यो देश र यसका मानिसहरूका
विषयमा भनेको कुरा कि तिनीहरू श्रापित र उजाड़ हुनेछन् भन्ने सुनेर
परमप्रभुको सामुन्ने तिमी विनम्र भएकाले, र तिमीले आफ्नो पोशाक च्यातेर मेरो
उपस्थितिमा विलाप गरेको हुनाले, तिमीलाई मैले सुनेको छु, परमप्रभु
भन्नुहुन्छ। २० यसैकारण म तिमीलाई तिम्रा पित्रहरूसित जम्मा गर्नेछु, र तिमी
शान्तिसित गाड़िनेछस्। यस ठाउँमाथि ल्याउने सबै सर्वनाश तिम्रो आँखाले
देख्नेछैनौ।" तब तिनीहरूले राजाकहाँ यो जवाफ ल्याए।"

मन्दिर पुनःनिर्माण गर्न खन्ने क्रममा कामदारहरूले एउटा पुस्तक भग्नावेशले पुरीरहेको तिनीहरूले भेट्टाए। त्यो पुस्तक व्यवस्थाको पुस्तक (२ राजा २२:८) थियो भनेर बाइबलका विद्वानहरूले निश्कर्ष निकालेका छन्।

"पौराणिक हस्तलेखमा लेखिएका अर्ती र चेतावनीहरू जब राजा योशियाहले पहिलो पल्ट सुने तब उनको हृदय जरैदेखि हल्लिएको थियो। इस्राएलीहरूको माझमा परमेश्वरले दिनुभएको सरल र स्पष्ट वचन यसरी पूर्णरूपमा न कहिल्यै सुनेका थिए न त त्यसको असर कस्तो हुन्छ भनेर उनले महसुस गरेका थिए। त्यसमा स्पष्टरूपमा लेखिएको थियो, 'जीवन र मृत्यु, आशिष र श्राप' (व्यवस्था ३०:१९)...परमेश्वरमाथि पूरा भरोसा राख्ने र उहाँको निष्ठामा चल्नेहरूलाई उहाँले उद्धार गर्नुहुनेछ भन्ने आश्वासनहरूले त्यो पुस्तक भरिएको थियो। जसरी परमेश्वरले आफ्नो प्रतिज्ञा बमोजिम इस्राएलीहरूलाई इजिप्टको दासत्वबाट उद्धार गरेर प्रतिज्ञा गरिएको देशमा ल्याउनुभयो त्यसरी नै उहाँले शक्तिशालीरूपमा त्यसलाई स्थायीत्व दिन र यस पृथ्वीका राष्ट्रहरूको बीचमा शिर बनाउनुहुनेछ भनेर उहाँले प्रतिज्ञा गर्नुभएको थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ३९३बाट रूपान्तरित।

योशियाह अत्यन्तै गम्भिर भएर ठोस कदम चालेको २ राजा २३ अध्यायभरि हामी पढ्न सक्छौं। २ राजा २३:३मा उनको कदम, प्रतिवद्धता यसरी व्यक्त गरिएको छ, "तब खम्बाको छेउमा उभिएर राजाले परमप्रभुको सामुन्ने करारलाई पुनर्स्थापना गरे— परमप्रभुलाई पछ्याउन र उहाँका आज्ञाहरू, विधिहरू र उर्दीहरू आफ्नो सारा हृदयले र प्राणले पालन गर्न, र यस पुस्तकमा लेखिएका करारका वचनहरू पूरा गर्नलाई परमप्रभुका यी कुराहरू तिनले अनुमोदन गरे। त्यसपछि सबै मानिसहरूले त्यस करारअनुसार हिँड्न आफूलाई धितो राखे।" राजाले त्यो कदम व्यवस्था ३:२९, ६:५, १०:१२ र ११:१३ अनुसार चालेका थिए। त्यस आत्मिक सुधार र आन्दोलनमा इस्राएलमा भएका आत्मिक फोहरहरू फालेका थिए। यस मामिलामा २ राजा २३:२१-२५मा यसरी उल्लेख गरिएको छ, "२१ राजाले सबै मानिसहरूलाई यो हुकुम गरेः "परमप्रभु आफ्ना परमेश्वरको निस्तार-चाड़ करारको यस पुस्तकमा लेखेझैं मनाओ।" २२ इस्राएलीहरूलाई अगुवाइ गर्ने न्यायकर्ताहरूका दिनहरूदेखि र इस्राएलका राजाहरू र यहूदाका राजाहरूको समयदेखि यसो यस्तो निस्तारचाड़ कहिल्यै मनाइएको थिएन। २३ तर योशियाह राजाको अठारौं वर्षमा यरूशलेममा परमप्रभुको निम्ति यो निस्तारचाड़

मनाइयो। २४ त्यसबाहेक परमप्रभुको मन्दिरमा पूजाहारी हिजकियाले भेट्टाएको व्यवस्थाको पुस्तकमा लेखिएका कुराहरू पूरा गर्नलाई योशियाहले सबै जोखना हेर्ने, र भूतप्रेत खेलाउने, सबै घर-देवताहरू र मूर्तिहरू, र यहूदामा र यरूशलेममा देखिने सबै घिनलाग्दा थोकहरूलाई खतम गरे। २५ आफ्नो सारा हृदय, प्राण र शक्तिले मोशाका सबै व्यवस्था मानेर परमप्रभुतर्फ त्यसरी फर्केका कुनै पनि राजा योशियाहजस्तै अघि वा पछि कहिल्यै भएको छैन।"

परमेश्वरलाई विश्वास नगर्ने इस्राएली वरिपरपरि रहेका राष्ट्रहरूको चालामाला, संस्कार, संस्कृति र धार्मिक क्रियाकलापहरू अनुसार नचल्न अर्ती, उपदेश, निषेधाज्ञा र चेतावनीहरूले व्यवस्थाको पुस्तक भरिएको छ। सामारियाका मूर्तीपुजक पुजारीहरूको सखाप (२ राजा २३:२०) समेत गरेर राजा योशियाहले इस्राएल देशलाई शुद्धिकरण गर्न कदम चाले त्यसले गर्दा परमेश्वरले तिनीहरूलाई विश्वाससाथ दिनुभएको सत्यको जिम्मेवारीबाट उहाँका जनहरू कतिको बरालिए र गिरेका थिए भनेर स्पष्टरूपमा प्रकट गरेको थियो। तिनीहरू पवित्र जनहरू भएर परमेश्वरसँगको सम्बन्धमा स्थायीत्व कायम गर्नुको सट्टा तिनीहरू संसारका चालचलनहरूसँग सम्झौता गरेर आत्मिक, सामाजिक र आस्थाबाट भ्रष्ट भएका थिए। आफूहरू यहूदी जाति हौं, आफूहरूले के गरिरहेकाछौं त्यो ठीकै गरिरहेकाछौं र परमेश्वरसँग सम्बन्ध ठीकै छ भनेर तिनीहरूले सोचिरहेका थिए। तर जब योशियाहले आध्यात्मिक सुधारको कदम चाले तब तिनीहरूको सोच गलत भएको थियो भनेर प्रणामित गरेको थियो।

परमेश्वरको वचन नसुनी चलेपनि आफू ठीकै छु भन्ने मनस्थिति कस्तो धोकापूर्ण र भ्रमात्मक रहेछ!

**हाम्रो आफ्नै व्यक्तिगत जीवनमा होस्, घरमा होस् वा चर्चकै संघसंस्थाहरूमा होस् के थोकहरूमा आमूल परिवर्तन ल्याउनु आवश्यक छ जसले परमेश्वरलाई हामीले पूरै प्राण र हृदयले सेवा गर्छु भनेर प्रमाणित गर्दछ?**

## २. स्वर्गहरूका स्वर्ग

परमेश्वरसँगको सम्बन्धमामात्र होइन इस्राएलीहरू उहाँका पवित्र जनहरू हुन् भनेर देखाउन उहाँको करारमा रहिरहन र व्यवस्था पालन गरिरहने मनिस्थिति हुनुपर्ने तिनीहरूको चिनारीको केन्द्रविन्दु हो भनेर

व्यवस्थाको पुस्तकले स्पष्ट गरेर किटानी गरेको छ (व्यवस्था ७:६, व्यवस्था १४:२, व्यवस्था १८:५)।

**इस्राएलीहरू परमेश्वरका चुनिएका जनहरू हुन् भनेर प्रकट गरिरहन उहाँको व्यवस्थालाई पालन गरेर अडिग भएर बस्नुपर्छ भन्ने उहाँको चाहना मोशाबाट व्यक्त गर्नुभएको व्यवस्था १०:१२-१५मा हेर्नुहोस्। त्यसमा "स्वर्गहरूको स्वर्ग वा आकाशहरू र सर्वोच्च आकाश मण्डलहरू" (अङ्ग्रेजीमा हेभेन एण्ड हेभेन अभ हेभेनस् भनेर अनुवाद गरिएको छ), भनेर उल्लेख गरिएको बाक्यांशको अर्थ के हो? मोशाले के कुरालाई औंल्याउन खोजिरहेका थिए? हेर्नुहोस्, "१२ यसैकारण अब हे इस्राएली हो, परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूबाट चाहनुभएका कुरा यी नै हुन्: तिमीहरूले आफ्ना परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिँड़, उहाँलाई प्रेम गर, आफ्नो सारा हृदय र प्राणले परमप्रभु तिमीहरूका परमेश्वरको सेवा गर, १३ र तिमीहरूका हितको लागि मैले आज तिमीहरूलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरू मान। १४ आकाशहरू, सर्वोच्च आकाशमण्डलहरू, र पृथ्वी र त्यसमा भएका जे-जति छन्, ती सबै परमप्रभु तिमीहरूका परमेश्वरकै हुन्। १५ तापनि तिमीहरूका पिता-पुर्खामा नै आफ्नो प्यार खन्याई परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुभयो, र आज तिमीहरूले देखेझैं तिनीहरूका सन्तान तिमीहरूलाई नै सबै जातिहरूका माझबाट उहाँले चुन्नुभयो।"**

स्वर्गहरू (जगतहरू) र स्वर्गहरूको स्वर्ग वा आकाशहरू (नक्षत्रहरू) र सर्वोच्च आकाशमण्डलहरूको अर्थ के हो सो त्यसबेलाको तत्काल सन्दर्भमा पूरै स्पष्ट छैन। तर यसरी सम्बोधन गरेर मोशाले परमेश्वरको यश, शक्ति, महानता र प्रतापलाई औंल्याइरहेका थिए। आकाशमात्र होइन तर सर्वोच्च आकाशहरू वा स्वर्ग परमेश्वरको हो भनेर उनले बुझाउन खोजेका थिए। यसले उहाँको सारा सृष्टिमाथि उहाँको पूर्ण वर्चस्व वा प्रभुत्व कायम भएको भनेर व्यक्त गरेको भावना हुनुपर्दछ।

**देहायका पदहरू पढ्नुहोस्। ती पदहरूमा व्यवस्थाको पुस्तकमै देखा परेको पहिलो बाक्यांशको आधारमा लेखिएको हो। यसमा के विषयबस्तुलाई औंल्याइएको छ र ती पदहरूमा व्यवस्थाको पुस्तकको प्रभाव कसरी परेको छ भनेर देखाइएको छ? हेर्नुहोस्, १ राजा ८:२७ "तर के परमेश्वर निश्चय नै पृथ्वीमा वास गर्नुहुन्छ र? स्वर्गहरू, स्वर्गभन्दा पनि उच्च स्वर्गमा तपाईं अटाउनुहुन्न भने, मैले निर्माण गरेको यो मन्दिरमा त झन् कसरी**

**अटाउनुहुन्छ!", नेहम्याह ९:६ "तपाईं मात्र परमप्रभु हुनुहुन्छ। तपाईंले नै स्वर्ग, सर्वोच्च आकाश, र त्यसका सबै तारामण्डल, पृथ्वी र त्यसमा भएका सबै थोक, र समुद्रहरू र तिनमा भएका सबै थोकहरू बनाउनुभयो। तपाईंले नै तिनीहरू सबैलाई जीवन दिनुहुन्छ, र स्वर्गका सारा समुदायले तपाईंलाई पुज्दछन्।"र भजन १४८:४ "हे सर्वोच्च आकाश र आकाशमाथिका पानी हो, तिमीहरूले उहाँको प्रशंसा गर।"**

परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ र उहाँ एकमात्र आराधनाको योग्य हुनुहुन्छ भन्ने विषय नेहम्याह ९ले विशेष गरेर स्पष्ट पारेको छ। उहाँले सबै थोक सृष्टि गर्नुभयो, र त्यसमा पनि "**स्वर्ग, सर्वोच्च आकाश, र त्यसका सबै तारामण्डल" (नेहम्याह ९:६) पनि सृष्टि गर्नुभयो** भनेर उल्लेख गरिएको छ। नेहम्याह ९:३मा भनिएको छ उनले "व्यवस्थाको पुस्तकबाट पढे" जुन योशियाहले जस्तै व्यवस्थाको पुस्तक नै हुनुपर्दछ। नेहम्याह ९:३ पछिका पदहरूले परमेश्वरको स्तुति आराधना गर्ने क्रममा लेबीहरूले "स्वर्गहरूका स्वर्ग वा सर्वोच्च आकाश र त्यसका सबै तारामण्डल" बाक्यांश प्रयोग गरेका थिए।

**परमेश्वर केवल पृथ्वीकोमात्र होइन तर सबै आकाश, स्वर्ग र सर्बोच्च तारामण्डलहरूको सृष्टिकर्ता हुनुहुन्छ। त्यही परमेश्वर क्रुसमा जानुभयो रे! परमेश्वरले हाम्रो निम्ति जे गर्नुभयो त्यसको प्रत्युत्तरमा त्यस्तो उहाँको आराधना गर्नु किन उचित छ?**

## ३. यर्मियाको पुस्तकमा व्यवस्थाको पुस्तक

धेरै वर्ष अघि एक जना नास्तिक युवक सत्यको खोजिमा तिब्ररूपमा लागेको थियो। जुन सत्य भएतापनि र जुन सत्यतिर उसलाई अगुवाइ गरेतापनि त्यसतर्फ त्यो युवक अघि बढिरहेको थियो। अनि आखिरमा उसले परमेश्वर पिता र येशू ख्रीष्टलाईमात्र होइन सेभेन्थ-डे एडभेन्टिस्ट सन्देशलाई पनि उसले स्वीकार्न पुगेको थियो। उसको असाध्यै मन पर्ने पद यर्मिया २९:१३ थियो जसमा लेखिएको छः "जब तिमीले सारा हृदयले मलाई खोज्नेछौ र तब तिमीले भेट्टाउनेछौ।" धेरै वर्षपछि उसले बाइबल पढ्दा पढ्दै त्यही पद फेरि भेट्टाए तर यसबेला यर्मियाको पुस्तक भन्दा धेरै अघिको व्यवस्थाको पुस्तकमा उसले भेट्टाएको थियो। यर्मियाले मोशाकै बोलीलाई उतारेका थिए।

व्यवस्था ४:२३-२९ पढ्नुहोस्। कुन सन्दर्भमा यो प्रतिज्ञा इस्राएलीहरूलाई दिइएको थियो र त्यसको उपादेयीता आज पनि हामीलाई कसरी लागु हुन सक्छ? हेर्नुहोस्, " २३ सावधान रहो! परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूसित गर्नुभएको करार नभुल, र उहाँले निषेध गर्नुभएको कुनै कुराको प्रतिमा तिमीहरूले नबनाओ। २४ किनकि परमप्रभु तिमीहरूका परमेश्वर भस्म पार्ने आगो र डाह गर्नुहुने परमेश्वर हुनुहुन्छ। २५ तिमीहरूले छोराछोरी र नातिनातिना जन्माइसकेर त्यही देशमा धेरै वर्ष बसिसकेपछि पनि भ्रष्ट भएर कुनै वस्तुको आकृतिअनुसार प्रतिमा खोपेर परमप्रभु तिमीहरूका परमेश्वरको दृष्टिमा कुकर्म गरेर उहाँलाई क्रोधित तुल्यायौ भने, २६ म आजको दिन स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्ध साक्षी राख्तछु, कि जुन देशलाई अधिकार गर्न तिमीहरू यर्दन पारि जान लागेका छौ त्यस देशदेखि तिमीहरू चाँड़ै सम्पूर्ण नष्ट हुनेछौ, र धेरै दिन बस्न पाउनेछैनौ तर बिलकुलै नष्ट हुनेछौ। २७ परमप्रभुले तिमीहरूलाई जाति-जातिका माझमा तितरबितर पार्नुहुनेछ, र उहाँले तिमीहरूलाई धपाउनुभएको देशमा अन्यजातिहरूका माझमा तिमीहरू अल्पसंख्यक हुनेछौ। २८ त्यहाँ तिमीहरूले मानिसहरूका हातले बनाएका, देख्न नसक्ने, सुन्न नसक्ने, खान नसक्ने, सुँघ्न नसक्ने काठ र ढुङ्गाका देवताहरूको पूजा गर्नेछौ। २९ तर यदि त्यहाँ पनि परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले खोज्यौ भने र तिमीहरूका सारा हृदय र प्राणले खोज्यौ भने तिमीहरूले उहाँलाई भेट्टाउनेछौ।"

व्यवस्थाको पुस्तक हराएको थियो र राजा योशियाहको समयमा फेरि भेट्टाइएको थियो। योशियाहकै राज्यकालमा यर्मियाले आफ्नो सेवाकार्य सुरु गरेका थिए। त्यसैले गर्दा यर्मियाको पुस्तकमा व्यवस्थाको पुस्तकले पारेको प्रभावलाई हामीले अचम्म मान्नु हुँदैन।

यर्मिया ७:१-७ पढ्नुहोस्। यर्मियाले परमेश्वरका जनहरूलाई के गर्न अऱ्हाउँछन् र उनको वचनमा व्यवस्थाको पुस्तकमा लेखिएको सामग्रीसँग कसरी मिल्दोजुल्दो छ? हेर्नुहोस्, " १ यर्मियाकहाँ आएको परमप्रभुको वचन यही हो: २ "परमप्रभुका भवनको मूल ढोकामा उभिएर यो सन्देश घोषणा गर: परमप्रभुको आराधना गर्नलाई यी मूल ढोकाहरूबाट पस्ने हे यहूदाका सबै मानिस हो, परमप्रभुको वचन सुन। ३ सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः तिमीहरूका चाल र तिमीहरूका कामहरू सुधार गर, र म तिमीहरूलाई यस ठाउँमा रहन दिउँला। ४ छली कुरामा भरोसा गरी यो नभन, "यो परमप्रभुको मन्दिर हो, परमप्रभुको मन्दिर हो, परमप्रभुको मन्दिर

हो!" ५ यदि तिमीहरूले आफ्ना चाल र कामहरू साँच्ची नै सुधार्‍यौ, र तिमीहरू एउटाले अर्कासित न्यायसङ्गत व्यवहार गर्‍यौ भने, ६ यदि तिमीहरूले विदेशी, टुहुरा-टुहुरी र विधवाहरूमाथि अत्याचार गरेनौ भने, अथवा यस ठाउँमा निर्दोषको रगत बगाएनौ भने, र यदि तिमीहरूको आफ्नै हानिको निम्ति अरू देवताहरूका पछि लागेनौ भने, ७ म तिमीहरूलाई यस ठाउँमा बस्न दिनेछु, यसै देशमा, जो मैले तिमीहरूका पिता-पुर्खालाई युग-युगसम्म रहनलाई दिएको थिएँ। ८ तर हेर, तिमीहरू छली कुरामा भरोसा राख्तछौ, जो व्यर्थैका छन्।"

कनान देशमा इस्राएलीहरूको अस्तित्व सर्तमा हुनेछन् भनेर मोशाले बारम्बार व्यवस्थाको पुस्तकमा जिकिर गरेका छन्। यदी तिनीहरूले परमेश्वरका आज्ञाहरूहरूलाई भङ्ग गरे तिनीहरूलाई चुनेर दिएको देशमा तिनीहरू रहन पाउनेछैनन् भनेर मोशाले तिनीहरूलाई सम्झाएका थिए। यर्मिया ७:४मा विशेष चेतावनी दिएको हेर्नुहोस्। हो, तिनीहरू परमेश्वरको मन्दिर भएको ठाउँमा थिए, तिनीहरू परमेश्वरका चुनिएका जनहरू थिए, तर यदि तिनीहरू आज्ञाकारी भएनभने ती सबैको कुनै अर्थ हुँदैन।

त्यस आज्ञाकारितामा तिनीहरूले अपरिचित वा विदेशीहरूलाई, टुहुराटुहुरीहरूलाई, विधवाहरूलाई कसरी व्यवहार गरिन्छ त्यो पनि समावेश भएको थियो। यो अवधारणा व्यवस्थाको पुस्तकमा औंल्याइएको छ र तिनीहरूले मान्नुपर्ने करारका विधिविधानहरू उल्लेख गरिएको छः " परदेशी र टुहुरा-टुहुरीको न्याय दमन नगर। कुनै विधवाको ओढ्ने धितोमा नलेओ" (व्यवस्था २४:१७; यसै सन्दर्भमा व्यवस्थ २४:२१, १०:१८,१९ र २७:१९ पनि पढ्नुहोस्)।

**यर्मिया ४:४ पढ्नुहोस् र व्यवस्था ३०:६सँग तुलना गर्नुहोस्। यहाँ परमेश्वरका जनहरूको निम्ति के सन्देश छ र आज पनि परमेश्वरका जनहरू भनेर दावी गर्नेहरूको निम्ति त्यो सन्देशमा भएको नीति किन त्यतिकै महत्त्वपूर्णरूपमा लागु गराउनुपर्दछ? हेर्नुहोस्, "परमप्रभुमा आफूलाई खतना गर। हे यहूदाका मानिसहरू र यरूशलेमका बासिन्दाहरू हो, तिमीहरूका हृदयको खतना गर, नत्रता तिमीहरूले गरेका दुष्टताले गर्दा मेरो क्रोध आगोझैं दन्केर निस्कनेछ, र कसैले ननिभाउने गरी त्यो जल्नेछ" (यर्मिया ४:४) र "परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले आफ्नो सारा हृदय र आफ्नो सारा प्राणले प्रेम गर्नलाई उहाँले तिमीहरूको र तिमीहरूका सन्तानको हृदयको खतना गर्नुहुनेछ, र तिमीहरू जिउन सक" (व्यवस्था ३०:६)।**

## ४. परमेश्वरले हामीबाट के अपेक्षा गर्नुहुन्छ?

परमेश्वरप्रति आस्थावान, निष्ठावान र बफादारी हुन आह्वान गर्दै अगमवक्ताहरूले लेखेका लेखहरूले बाइबल भरिएको छ। साधारणतया वा औपचारिकरूपमामात्र निष्ठावान हुने होइन तर करारप्रति इस्रायलीहरूको जिम्मेवारीलाई शिरोपर गर्दै व्यवहारिकरूपै प्रतिबद्धता जनाउन इस्राएलीहरूबाट अपेक्षा गरिएको थियो। त्यो अपेक्षा फेरि तिनीहरू प्रतिज्ञा गरिएको देशमा जान लागेकै बेलादेखि ती इस्राएलीहरूबाट गरिएको थियो। यो व्यवस्थाको पुस्तकमा यसरी चित्रण गरिएको छः ४० वर्षको मरुभूमिको यात्रा पछि अब परमेश्वरले गर्नुभएका करारका प्रतिज्ञाहरू पूरा हुन लागेका थिए। उहाँको तर्फबाट गरिएको कबुल उहाँले पूरा गर्दै हुनुहुन्थ्यो। त्यसकारण, इस्राएलीहरूकोतर्फबाट गरिएको करारको सहमति पूरा गर्न मोशाले तिनहरूलाई आह्वान र अर्ती दिइरहेका थिए। अगववक्ताहरूले लेखेका सामग्रीहरू आधारभूतमा प्रायजसो सबै त्यही आह्वान वा अनुरोधहरू थिएः मानिसहरूले आफ्नो तर्फबाट करारको शपथ (वर्तमान परिप्रेक्ष्यमा बप्तिस्माको बेलामा लिएको शपथ) तिनीहरूले कार्यान्वयन गरुन्।

**मीका ६:१-८ सहित अरू पदहरू पनि पढ्नहोस्। परमेश्वरले आफ्ना जनहरूलाई के आह्वान गर्दै हुनुहुन्छ र उहाँले गर्नुभएको आह्वानसँग व्यवस्थाको पुस्तक कसरी मिल्दछ? हेर्नुहोस्, "१ परमप्रभु जे भन्नुहुन्छ, सो तिमीहरू ध्यानसित सुनः "खड़ा होओ, र पर्वतहरूका सामु तिमीहरूको उजुर पेश गर, र तिमीहरू के भन्छौ डाँड़ाहरूले सुनून्। २ हे पर्वत हो, हे पृथ्वीका अनन्त जग हो, परमप्रभुको आरोप ध्यानसित सुन। किनकि आफ्नो प्रजासित उहाँको गुनासो छ, उहाँले इस्राएलमाथि एक अपराधको दोष लाउँदैहुनुहुन्छ। ३ "हे मेरा प्रजा, मैले तिमीहरूलाई के गरें? मैले कसरी तिमीहरूलाई बोझ बोकाएको छु र? मलाई जवाफ देओ। ४ मैले त तिमीहरूलाई मिश्रदेशदेखि माथि ल्याएँ र तिमीहरूलाई दासत्वको देशबाट मोल तिरेर छुटाएँ। तिमीहरूका अगुवा हुनलाई मोशा, हारून र मिरियमलाई पनि मैले पठाएँ। ५ हे मेरा प्रजा, मोआबको राजा बालाकले के सल्लाह गरेको थियो, र बओरको छोरो बालामले त्यसलाई के जवाफ दियो, त्यो स्मरण गर। शित्तीमदेखि गिलगालसम्मैको यात्रालाई सम्झ, ताकि तिमीहरूले परमप्रभुका धार्मिक कामहरूलाई जान्न सक।" ६ के लिएर म परमप्रभुको सामु आऊँ, र उच्च भएका परमेश्वरको सामु निहुरूँ? के एक वर्षे बाछाहरू लिएर होमबलि चढ़ाउनलाई म उहाँको सामु आऊँ? ७ के**

**परमप्रभु हजारौं भेड़ाहरू र तेलका दश हजार नदीसित प्रसन्न हुनुहुन्छ र? के म आफ्नो अपराधको लागि मेरो जेठो छोरालाई र मेरो प्राणको पापको लागि मेरो शरीरको फललाई चढ़ाऊँ? ८ ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तिम्रा परमेश्वरसित विनम्र भएर हिँड्नू" (मीका ६:१-८), "तर न्यायचाहिँ नदीझैं र धार्मिकता कहिले नसुक्ने खोलाझैं बगिरहोस्!" (आमोस ५:२४) र "किनभने म बलिदान होइन, दया चाहन्छु, र होमबलिभन्दा परमेश्वरको मान्यता अझ बढ़ी चाहन्छु" (होशे ६:६)।**

मीकामा लेखेका पदहरूलाई बाइबलका विद्वानहरूले "करारको उल्लङ्घनको मुद्दा परमेश्वरले पेश गर्नुभएको" भनेर देखेका छन्। परमेश्वरका जनहरूले आफूले गरेका करार वा शपथलाई भङ्ग गरेकोले तिनीहरूको विरुद्धमा उहाँले मुद्दा हाल्नुभएको देखाइएको छ। मीकाले मीका ६:२मा स्पष्टरूपमा प्रस्तुत गरेका छन्, "आफ्ना जनहरूको बिरुद्धमा परमेश्वरले गुनासो वा उजुर गर्नुभएको छ।" यो गुनासो वा उजुर ***"complain*** कम्प्लेन" ***(*riv** *रिभ- गुनासो)* कानुनीरूपमा वहस गरिनु हो। करारद्वारा परमेश्वरसँग सम्बन्ध राखिराख्नेमात्र नभएर कानुनीरूपमै त्यसलाई थामी राख्ने भनेर त्यसले चित्रण गरेको छ। यस मामिलामा हामी अचम्म मान्नुहुन्न किनभने करारको केन्द्रविन्दु नै व्यवस्था, ऐन वा दश आज्ञा थियो।

मीकाले व्यवस्थाकै पुस्तकबाट कतिपय शब्दहरू उतारेका थिए: "यसैकारण अब हे इस्राएली हो, परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूबाट चाहनुभएका कुरा यी नै हुन्: तिमीहरूले आफ्ना परमप्रभु परमेश्वरको डर मान, उहाँका सबै मार्गमा हिँड़, उहाँलाई प्रेम गर, आफ्नो सारा हृदय र प्राणले परमप्रभु तिमीहरूका परमेश्वरको सेवा गर, र तिमीहरूका हितको लागि मैले आज तिमीहरूलाई आदेश गरेका परमप्रभुका आज्ञा र विधिहरू मान" (व्यवस्था १०:१२-१३)।

व्यवस्थाबाट सिधै आज्ञा वा विधिहरू भनेर अक्षरस अनुवाद नगरि मीकाले तिनीहरूको भावनालाई औंल्याउँछन् जसले पनि न्यायी हुनु र दयालु हुनु भनेर औंल्याउँछन्।

मीकाले व्यक्त गरेका आवाजहरू समयसापेक्षित छ। देखावटी धर्म, धार्मिक क्रियाकलापहरू जसमा हजारौं भेंडा वा बोकाहरूको पशुबलि र

परम्पराको नाउँमा अरू बिधिहरू र अरूभन्दा आफू असल, धर्मात्मा वा चोखो छु भनेर विभिन्न रङ्गको पोशाक लगाएर देखाउनु प्रवृत्ति नै किन नहोस्, परमेश्वरसँग करारको सम्बन्धमा तिनीहरूको प्राथमिक स्थान थिएन र छैन भनेर मीकाको लेखमा जिकिर गरिएको छ। बाहिरीरूपमा धर्मको खोल लगाउनुको के असल वा फाइदा छ र यदि तिनीहरूको नियत यसरी खराब छ भने "धिक्कार तिनीहरूलाई, जसले अधर्मको युक्ति निकाल्छन्, जो आफ्ना ओछ्यानमा ढल्केर खराब षड्यन्त्र रच्दछन्। बिहान उज्यालो हुने बित्तिकै त्यो काम तिनीहरू गरिहाल्दछन्, किनभने त्यो गर्ने सामर्थ्य तिनीहरूसँग छ। २ तिनीहरूले खेतहरूको लोभ गरेर ती खोस्छन्, र घरहरूको लोभ गरेर ती कब्जा गर्छन्। तिनीहरूले मानिसको घर तथा उत्तराधिकार ठगेर लिन्छन्" (मीका २:१-२)। इस्राएलीहरू सारा संसारको निम्ति ज्योति वा प्रकाश वा आत्मज्ञानले भरिएको हुनुपर्दथ्यो। त्यसले गर्दा संसारका राष्ट्रहरूले अचम्ममान्नै यो व्यक्त गर्न सक्नुपर्दथ्योः

"तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अगि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर उनीहरूले भन्नेछन्, “अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्” ( व्यवस्था ४:६)। त्यसकारण तिनीहरूको आचरणमा बुद्धिज्ञान र समझसक्ति अपनाउनुपर्दथ्यो। दया, माया, न्याय, करुणा जस्ता सबैको हित हुने गुण ती बुद्धि र समझशक्तिमा समावेश भएको थियो।

## ५. दानिएलको प्रार्थना

बाइबलको पहिलो खण्ड वा पुरानो करारमा धेरै उल्लेखनीय वा प्रसिद्ध प्रार्थनाहरू छन्। तिनीहरूमा दानिएल ९ पनि एक हो। दानिएलले यर्मियाको सन्देश पढेका थिए। इस्राएल ७० वर्षसम्मको उजाड वा ध्वंसात्मक परिस्थिति (दानिएल ९:२) पार हुनै लागेको थियो तब दानिएलले हृदय खोलेर परमेश्वरसँग प्रार्थना गर्न सुरु गरेका थिए।

त्यो प्रार्थना अत्यन्तै उल्लेखनीय थियो। त्यो प्रार्थना हृदयविदारक, मर्मस्पर्शी थियो। उनले आँखाभरी आँशु बगाएर आफ्ना र उनका जनहरूका पापहरू स्वीकार गर्दै परमेश्वरसँग क्षमा याचना गरेका थिए। फेरि त्यसै वखत उनले तिनीहरूमाथि आइ परेको विपत्तिलाई तिनीहरूको चालचलन अनुसार परमेश्वरको उचित न्याय भनेर स्वीकारेका थिए।

ध्यान गरेर दानिएल ९:१-१९ पढ्नुहोस्। त्यहाँ तपाईंले के विषयबस्तुहरू पाउनुहुन्छ जसले व्यवस्थाको पुस्तकतिर सिधै सम्बन्ध भएको देखाउँछ? हेर्नुहोस्, "१ अहासूरसका छोरा दाराको प्रथम वर्षमा, जो मादी वंशका थिए र बेबिलोनी* राज्यका शासक तुल्याइएका थिए— २ उनका राज्यकालको प्रथम वर्षमा म, दानिएलले, यर्मिया अगमवक्तालाई दिइएको परमप्रभुको वचनअनुसार, धर्मशास्त्रबाट बुझें कि यरूशलेमको उजाड़ अवस्था सत्तरी वर्षसम्म रहनेछ। ३ यसकारण उपवाससाथ भाङ्ग्रा ओढ़ेर खरानी धसी प्रार्थना र अन्तर्बिन्ती गर्दै परमप्रभु परमेश्वरतिर फर्कें। ४ मैले पाप स्वीकार गर्दै परमप्रभु मेरा परमेश्वरलाई प्रार्थना गरें: "हे परमप्रभु, महान् र भययोग्य परमेश्वर, जसले उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने सबैसँग प्रेमको करार पूरा गर्नुहुन्छ, ५ हामीले पाप गरेका छौं र गल्ती गरेका छौं। हामी दुष्ट भएका छौं र बागी बनेका छौं, हामी तपाईंका आज्ञा र धार्मिक नियमहरूबाट तर्केका छौं। ६ हामीले तपाईंका सेवक अगमवक्ताहरूका कुरामा ध्यान दिएनौं, जसले तपाईंको नाउँमा हाम्रा राज्यहरू, हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू र देशका सबै मानिसहरूसँग बोलेका थिए। ७ "परमप्रभु, तपाईं धर्मी हुनुहुन्छ, तर तपाईंप्रति भएको विश्वासघातको कारणले सबै देशहरूमा छरपष्ट पारिएका नजिक र टाढ़ा बस्ने, हामी यहूदाका मानिसहरू र यरूशलेम र इस्राएलका जनताहरू लाजले ढाकिएका छौं। ८ हे परमप्रभु, हामी र हाम्रा राजाहरू हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू लाजले ढाकिएका छौं, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं। ९ हामी उहाँको विरुद्धमा बागी भएका छौं, यद्यपि परमप्रभु हाम्रा परमेश्वर कृपालु र क्षमाशील हुनुहुन्छ। १० हामीले परमप्रभु हाम्रा परमेश्वरका आज्ञा पालन गरेका छैनौं र उहाँका सेवक अगमवक्ताहरूद्वारा दिइएका नियमहरू पनि मानेका छैनौं। ११ तपाईंको आज्ञापालन गर्न अस्वीकार गरी सम्पूर्ण इस्राएलले तपाईंको व्यवस्था भङ्ग गरेका छन् र तपाईंदेखि टाढ़ा भएका छन्। "यसकारण परमेश्वरका सेवक मोशाको व्यवस्थामा उल्लिखित सराप र शपथ गरिएका फैसलाहरू हामीमाथि खन्याइएका छन्, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं। १२ हामीमाथि ठूलो विपत्ति ल्याएर हाम्रा विरुद्धमा र हाम्रा शासकहरूका विरुद्धमा बोल्नुभएका वचनहरू तपाईंले पूरा गर्नुभएको छ। यरूशलेमसित आकाशमुनि कहिल्यै नगरिएको व्यवहार गरिएको छ। १३ मोशाको व्यवस्थामा लेखिएजस्तै यी सबै विपत्ति हामीमाथि आएका छन्, तैपनि आफ्ना पापदेखि फर्की तपाईंको

**सत्यतालाई ध्यान दिएर हामीले परमप्रभु हाम्रा परमेश्वरको कृपा खोजेका छैनौं। १४ हामीमाथि विपत्ति ल्याउन परमप्रभु अनकनाउनुभएन, किनभने परमप्रभु हाम्रा परमेश्वर उहाँले गर्नुहुने सबै कुरामा धर्मी हुनुहुन्छ। तापनि हामीले उहाँको आज्ञा मानेका छैनौं। १५ "अब हे परमप्रभु हाम्रा परमेश्वर, जसले आफ्ना जनहरूलाई शक्तिशाली हातले मिश्रदेशबाट ल्याउनुभयो र आजको दिनसम्म आफ्नो नाम स्थिर राख्नुभएको छ, हामीले पाप गरेका छौं, हामीले गल्ती गरेका छौं। १६ हे परमप्रभु, तपाईंका धार्मिक कार्यअनुरूप तपाईंको सहर, तपाईंको पवित्र डाँड़ा यरूशलेमबाट आफ्नो क्रोध र रीस हटाउनुहोस्। हाम्रा पाप र हाम्रा पिता-पुर्खाका अपराधले गर्दा यरूशलेम र तपाईंका मानिसहरू हाम्रा वरिपरिका मानिसहरूका सामु गिल्लाका पात्र बनेका छन्। १७ "अब हे हाम्रा परमेश्वर, आफ्नो दासको प्रार्थना र अन्तर्बिन्ती सुन्नुहोस्। हे परमप्रभु, तपाईंको आफ्नै खातिर आफ्नो उजाड़ पारिएको पवित्रस्थानमाथि कृपा-दृष्टि राखिदिनुहोस्। १८ हे परमेश्वर, आफ्नो कान थाप्नुहोस् र आँखा खोल्नुहोस् र तपाईंको नाउँ बोकेको सहरको उजाड़ अवस्था हेर्नुहोस्। हामी धर्मी छौं भनेर यो बिन्ती गरेका छैनौं, तर तपाईंको महान् कृपाको कारणले। १९ हे परमप्रभु, सुन्नुहोस्! हे परमप्रभु, क्षमा गर्नुहोस्! हे परमप्रभु, सुन्नुहोस् र कारबाई गर्नुहोस्। हे मेरा परमेश्वर, आफ्नो खातिर ढिलो नगर्नुहोस्, किनभने तपाईंको सहर र तपाईंका मानिसहरूले तपाईंको नाउँ बोकेका छन्।"**

इस्राएल राष्ट्रले करार पालन गर्दा तिनीहरूले पाउने फल के हुनेछ भनेर व्यवस्थाको पुस्तकमा दिएको चेतावनीको ठ्याक्कै सारांश दानिएलको प्रार्थनामा देखाउँछ। दुई पल्ट दानिएलले "मोशाको व्यवस्था" (दानिएल ९:११,१३) भनेर सम्बोधन गरेका थिए। निश्चय नै उनले सम्बोधन गरेको मामिलामा व्यवस्थाको पुस्तक वा विशेष गरेर यसैलाई औंल्याएको हुनुपर्छ।

परमेश्वरको आज्ञा पालन नगर्दा इस्राएलीहरू भूमिबाट लखेटिएको थियो भनेर व्यवस्थाको पुस्तकमा लेखिएको थियो (व्यवस्था ४:२७-३१ र व्यवस्था २८)। परमेश्वरलाई विश्वासघात गर्दा इस्राएलीहरूलाई के हुनेछ भनेर मोशाको चेतावनी अनुसार नै (व्यवस्था ३१:२९) तिनीहरूमाथि दुर्गति आइपुगेको थियो।

यो कस्तो दुःख लाग्दो पनि थियो। इस्राएललाई उनका वरिपरि रहेका राष्ट्रहरूले, "अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र

समझदार रहेछन्" (व्यवस्था ४:६) भनेर तिनीहरूको तारिफ गर्नुपर्नेको सट्टा त्यो राष्ट्र त "गिल्लाको पात्र" पो बन्न पुगेछ (दानिएल ९:१६)।

जब बिपत् आइ पर्छ प्रायजसो मानिसहरूले सोध्ने "यो किन?" भन्ने प्रश्न आँखाभरी आँशु चुहाउँदै बिन्ती गरेको दानिएलको प्रार्थनामा कहिल्यै पनि उल्लेख गरेको देखिन्दैन। व्यवस्थाको पुस्तकलाई नै मनन गरेर गरेको प्रार्थनामा उनले "किन?" भन्ने प्रश्न कहिल्यै पनि गरेन, किनभने उनलाई थाहा थियो ती विपतहरू किन आइपऱ्यो। इस्राएलीहरूमाथि आइपरेको खराब वा बिपत तिनीहरूको अन्धो भाग्यको कारण वा अकस्मात अपर्झत र प्राकृतिक दैवी प्रकोप जस्तो आएको थिएन भनेर दानिएल र अरू प्रवासी जीवन बिताइरहेका अगमवक्ताहरूले थाहा पाउन व्यवस्थाको पुस्तकले देखाएको थियो। तिनीहरूमाथि जे आपद विपत् वा दुःखहरू आइपुगे ती तिनीहरूकै कारणले भएको थियो। यदि तिनीहरू परमेश्वरको उचित मार्गमा हिंडेन, उहाँका आज्ञाहरू पालन गरेन र दुष्ट बाटोमा हिंडे तिनीहरूलाई के हुनेछ भनेर तिनीहरूले पाएको चेतावनी अनुसार नै तिनीहरू विपतको फन्दामा परेको थियो।

तर दानिएलको प्रार्थनाको उल्लेखनीय पक्ष भनेकै ती सबै दुर्गती वा विपत्ति इस्राएलीहरूमाथि आएतापनि त्यहाँ आशा छ भनेर उनले व्यक्त गरेको वास्तविकता थियो। तिनीहरूले परमेश्वरलाई त्यागेतापनि परमेश्वरले तिनीहरूलाई त्यागनुभएको थिएनन्। झट्ट हेर्दा उहाँले त्यागेको देखिएतापनि उहाँ तिनीहरूप्रति चिन्तित नै भएको थियो। इस्राएलीहरूको परिस्थितिलाई मात्र बुझाउन होइन तर पुनर्स्थापनाको प्रतिज्ञा पनि व्यवस्थाको पुस्तकले उपलब्ध गराएको छ।

**येशूको मृत्यु र क्रुसमा उहाँको मृत्युको बारेमा गरिएको भविष्यवाणी दानिएल ९:२४-२७मा पढ्नुहोस्। इस्राएलीहरूको प्रवासी जीवन र फेरि फर्किने प्रतिज्ञाको सन्दर्भ औंल्याउँदै दानिएल र (हामी सबैलाई) त्यो भविष्यवाणी किन दिएको थियो? हेर्नुहोस्, "२० जसै म बोल्दै र प्रार्थना गर्दै, मेरो आफ्नै पाप र मेरा इस्राएली जातिको पाप स्वीकार गर्दै र उहाँको पवित्र डाँड़ाको लागि परमप्रभु मेरा परमेश्वरसँग बिन्ती गर्दैथिएँ— २१ जसै म प्रार्थनामा नै थिएँ, पहिलेको दर्शनमा मैले देखेका मानिस, गब्रिएल, साँझका बलिदानको समयमा वेगसँग उड़ेर मकहाँ आए। २२ उनले मलाई आदेश दिए र भने, 'हे दानिएल, अहिले म तिमीलाई अन्तर्ज्ञान र समझ दिन आएको छु। २३ तिमीले प्रार्थना**

गर्न थाल्ने बित्तिकै प्रार्थनाको उत्तर दिइयो, जुनचाहिँ तिमीलाई बताउन म आएको छु, किनकि तिमी अति सम्मानित छौ। त्यसकारण सन्देशलाई विचार गर र दर्शन बुझ। २४ "*तिम्रो जाति र तिम्रो पवित्र सहरको निम्ति अपराध खतम पार्न, पाप समाप्त गर्न, दुष्टताको लागि प्रायश्चित गर्न, अनन्त धार्मिकता ल्याउन, दर्शन र अगमवाणीलाई मोहोर लगाएर बन्द गर्न र महापवित्रस्थानलाई अभिषेक गर्न सत्तरी 'सातहरू÷ * को आदेश तोकिएको छ। २५* "*यो जान र बुझ, यरूशलेमको पुनर्स्थापन र पुनर्निर्माण गर्न यो आदेश जारी गरेको समयदेखि अभिषिक्त जन, अर्थात् एक शासक नआउञ्जेलसम्म सात 'सातहरू÷ र बयसट्ठी 'सातहरू÷ हुनेछन्। गल्ली र सुरुङहरूसहित यसको पुनर्निर्माण हुनेछ, तर दुःखको समयमा। २६ बयसट्ठी 'सातहरू÷ पछि ती अभिषिक्त जन हटाइनेछन् र तिनीसँग केही पनि रहनेछैन। शासकका मानिसहरू आएर त्यस सहर र पवित्रस्थानलाई विनाश गर्नेछन्। अन्त बाढ़ीझैं आउनेछः लड़ाइँ अन्तसम्म रहनेछ, र उजाड़ अवस्थाहरूको आदेश जारी भएको छ। २७ धेरै जनासित एक 'सात÷ * को लागि तिनले एउटा करारको सदर गर्नेछन्। 'सात÷-को बीचमा तिनले बलिदान र भेटीलाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।*"

## उपसंहारः

**थप जानकारीः** " मीका ६:१-८ पुरानो करारको महान् वा उल्लेखनीय पदहरू हुन्। ई.पू. आठौं शताब्धीमा रहेका अगमवक्ताहरूको सन्देशको सारलाई ती पदहरूले देखाउँदछन्। तिनीहरूमा आमोस ५:२४ र होशे ६:६ पनि छन्। उहाँका जनहरूले करार भङ्ग गरेकोमा यह्वे परमेश्वरले उहाँका जनहरूको विरुद्धमा मुद्दा हाल्नुभएको उजुर मानिसहरूले सुनोस् भनेर अगमवक्ता भावुक भएर हृदयलाई नै छुने गरेर प्रस्तुत गरेका थिए। त्यो न्याय अदालतको फैसला हेर्ने न्यायधिशहरू पहाड र डाँडाहरू थिए किनभने इस्राएल देशको अस्तित्व हुनु भन्दा अघि र परमेश्वरले तिनीहरूसँग गर्नुभएको कारोबारभन्दा पहिले तिनीहरू खडा भएका थिए। इस्राएलीहरूले करार भङ्ग गरेकोमात्र तिनीहरूलाई सिधै आरोप नलगाइकन परमेश्वरप्रति तिनीहरूको के आरोप छ भनेर उहाँले तिनीहरूलाई सोध्नुभएको थियो। उहाँले मनै छुने गरेर तिनीहरूलाई सोध्नुहुन्छ, 'होइन, मैले के गरें र? मैले तिमीहरूलाई कसरी पेलें र?'

अन्यायको मारमा परेकाले कतिपय गरिब मानिसहरू असल काम गर्न थाकेको हुनुपर्थ्यो। धनी हुने तँछाडमछाड र होडबाजीमा कतिपय धनी जमिन्दारहरू परमेश्वरसँग गरिएको करार, विधिविधान र आज्ञाहरू पालन गर्न थाक्न थालेको हुनुपर्थ्यो।"-राल्फ एल. स्मिथ, *वर्ड बिब्लिकल कमेन्टेरी, मीका-मलाकी,* (ग्राण्ड रापिडस, मिशिगनः वर्ड, १९८४, ठेली ३२, पृ. ५०बाट रूपान्तरित।

"राजा योशियाहले आफ्नो देशमा आमूल परिवर्तन र सुधार ल्याउने क्रममा उनले प्रत्येक मूर्तिको नाम निशानै नराखिकन नाश गरेका थिए। इस्राएल देशमा वरिपरि राष्ट्रका काठ र ढुङ्गाका मूर्तिहरू भित्राएर जताततै स्थापना गरेका थिए र परमेश्वरकै जनहरू भनेर दावी गर्नेहरूले तिनीहरूलाई ढोग्दथे र पूजा गर्दथे। ती देवीदेवताहरूलाई पूजा गर्ने सिलसिलामा अनेकौं खराब र घृणित संस्कार र चालचलनहरू पनि थिए। जबसम्म इस्राएलमा मूर्ति पूजा भइरन्थ्यो तबसम्म खराब संस्कार, चालचलन र तत्वहरूलाई त्यस देशबाट हटाउन मानिसको शक्तिभन्दा बाहिर थियो। तर इस्राएल देशलाई मूर्तिपूजा र त्यससँग आएका खराब तत्वहरूलाई निर्मूल गर्ने काममा उनी दृढतापूर्वक जुटेका थिए।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. ४०१बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **हो हामीहरू सेभेन्थ-डे एडभेन्टिस्टहरू हौं। हामीसँग भएका वर्तमान समयसापेक्षि सत्य सन्देशले हामी पौराणिक इस्राएलको ठाउँमा हामीहरू रहेको देख्दछौं। त्यो त ठीकै हो। हामीमा ती सत्यहरू छन् जुन हाम्रा वरपरिरहेका राष्ट्रहरूले सुन्न जरुरी छ। ती सत्यहरू हामीमा हुनु हाम्रो निम्ति महान् अवसर हो। तर हामीमा भएका सत्य र हामीलाई दिएका जिम्मेवारीहरू अनुसार हामी कसरी चलिरहेका छौं, के तपाईं सोच्न सक्नुहुन्छ?**

आ. **मानौं तपाईं दानिएल हुनुहुन्छ रे। शत्रुहरूले तपाईंको देशलाई जितेको छ, तपाईंको आस्थाको केन्द्रविन्दु मन्दिरलाई मूर्तिपूजा गर्ने देशको शासक वर्गले ध्वस्त पारे रे। तर तपाईंलाई वा कुनै पनि यहूदीलाई ज्ञान भएको व्यवस्थाको पुस्तकको ज्ञानले त्यस्तो भयानक परिस्थितिमा पनि परमेश्वरप्रति निष्ठावान भएर बस्न कसरी सहयोग गर्न सकेको थियो भनेर तपाईंको अनुभव भएको छ? अर्थात् जे भयो र किन भयो सो**

दानिएललाई बुझाउन व्यवस्थाको पुस्तकले कसरी मद्दत गरेको थियो। हामी गुज्रिरहेको कहालिलाग्दो समय, घट्ना, आपदविपद, महामारी, आतङ्कित गर्ने राजनैतिक, सामाजिक, दार्शनिक र मनौवैज्ञानिक मामिलाहरूको कसरी सामना गर्ने भनेर हामीमा भएका धर्मशास्त्रको ज्ञानले हामीलाई कसरी सहयोग गर्दछ? यदि हामीमा बाइबलको ज्ञान छैन भने हामी पनि धेरै निराश, हतोत्साहमा परिरहेका हुन्छौं। त्यसले गर्दा हाम्रो आस्था, निष्ठा र विश्वासको केन्द्रविन्दु बाइबल नै किन हुनपर्छ भनेर माथिका प्रश्नहरूको जवाफले हामीलाई कसरी सिकाउँछ?

इ. दानिएल ९:२४-२७मा उल्लेख गरिएको ७०-हप्ताको भविष्यवाणी फेरि सरसर्ती हेर्नुहोस्। त्यस भविष्यवाणीमा करारको भूमिका के छ र करारको अवधारणा त्यस भविष्यवाणीमा र हाम्रो निम्ति कतिको महत्त्वपूर्ण छ?

## कथा ११
## प्रेमको सुई
### जाङ्ग डोङ्ग-वुवन, ६५, दक्षिण कोरिया



*पीप, पीप,* दिनको धेरै पल्ट मेरो मोबाइलमा आपतकालिन सचेत गर्ने सूचना आइरहन्छ। त्यस सन्देशमा कोरोना भाइरसको बारेमा जानकारी र घर नछोड्न चेतावनी दिइरहन्छ। दक्षिण कोरियाको जुन क्षेत्रमा म रहन्छु त्यस क्षेत्र कोरोनारहित क्षेत्र भनेर घोषित गरिएको थियो। तर एक दिन एक जना बिरामी नम्बर ३१ले मेरो क्षेत्रमा भाइरस ल्यायो। त्यो व्यक्ति मूख्य समूहबाट अलग भएको इसाई भेलामा भाग लिइरहेको थियो। त्यो भेलाले भाइरसलाई अत्यधिकमात्रामा फैलाएको थियो। मेरो सहर मेरो देशको यस्तो क्षेत्र बन्यो जहाँ भाइरस द्रुतगतिमा फैलाउने नामा कमाउन थाल्यो। हरेक दिन सयौं मानिसहरू भाइरसले सताउन थाल्यो। एकै महिनाभित्र ६००० जनालाई भाइरसले सताएको देखायो। जब राष्ट्रिय समाचारले दिनदिनै मेरो क्षेत्रमा भाइरसको बारेमा समाचार दिन थाल्यो तब सारा दक्षिण कोरियाका मानिसहरूले हाम्रो क्षेत्रलाई नराम्रो दृष्टिले हेर्न थाल्यो। तिनीहरूले अनुमान गर्न थालेकि दक्षिण कोरियामा भाइरस फैलाउनुमा हाम्रो क्षेत्रको प्रमुख हात छ।

सबै थोक बन्दाबन्दी भयो। बिशाल बजारहरूमा, बाहिरी बजारहरूमा र रेस्टुरेन्टहरूमा मानिसहरू शुन्य हुन थालेको थियो। सडकमा केही कारहरूमात्र चलेको थियो। नदेखिने भाइरसले सबै संसारलाई उथलपुथल नै गरायो।त्यस भाइरसले मेरो चर्चलाई पनि असर पारेको थियो। दशकौंदेखि मैले येशूप्रतिको मेरो प्रेमलाई खुलारूपमा सुनाइरहेको थिएँ। तर मेरो आराधना र सुसमाचार सुनाउने कार्यक्रमहरू रद्ध हुन थालेको थियो। परमेश्वरको चर्च जबरजस्ती बन्द गर्नुपर्छ कि भन्ने कुराले मेरो मनमा अड्डा जमाउन थाल्यो। के सुसमाचार फैलाउने काम चुपचाप मैले छोड्नु पर्छ र वा परिस्थिति सुधार भएपछि म पर्खनु पर्छ? तर म चुपचाप रहन सकिंन। जब संसार बन्द भइरहेको थियो, म प्रार्थना गरिरहेको थिएँ।

"हे प्रिय पिता, मलाई थाहा छ कि विश्व सङ्कट तपाईंको अवसर हो। तपाईंले मलाई के अवसर दिनुहुन्छ र?" मैले बारम्बार प्रार्थना गरें।

एक दिन मेरो अन्त्यन्तै अन्धकार दिमागमा अचानक चहिकिलो ज्योति चम्क्यो। एउटा चर्चको स्वास्थ्य विभागको कार्यक्रममा हात धुने औषधी

बनाउन मैले सिकेको थिएँ। "ओहो, मानिसहरू हान्ड सानिटाइजर अर्थात हात सफा राख्ने झोलको आवश्यकता अहिले भएको छ," भनेर मैले सोचें। सरकारको स्वास्थ्य विभागको सहयोगले मेरो चर्चका साथीहरूले १००० सिसी हान्ड सानिटाइजर बनायौं र बजारमा बितरण गर्‍यौं। हामीले मास्क र हातमा पञ्जा लगाएर त्यस सानेटाइजर वितरण गर्‍यौं। मानिसहरूले अत्यन्तै खुशीसाथ तिनीहरू हाम्रो हातबाट लिए, मानौं संसारमा त्यो अत्यन्तै अमूल्यको उपहार हो। तिनीहरू हृदयदेखि आभारित भए। हामीले हामी कुन चर्चबाट आएका हौं भनेर खुलेर त भनेनौं, तर धेरै मानिसहरूले हामीलाई सोध्न थाले, "तपाईंहरू कहाँबाट आउनुभएको हो?" वा "कुन संस्थामा तपाईंहरू संलघ्न हुनुहुन्छ?" अनि हामीले जवाफ दियौं कि हामीहरू सेभेन्थ-डे एडभेन्टिस्ट हौं।

सङ्कटले हामीलाई अवसर प्रदान गरेको थियो। जब हामीहरूले परमेश्वरको प्रेम हाम्रो कामबाट बाँड्यो, तब कोभिड-१९ले कथाङ्ग्रिएका हृदयहरू पग्लिन थालेको थियो।

अनि परमेश्वरले अर्को अवधारणा दिनुभयो। जब दक्षिण कोरियामा मास्कहरू पसलहरूमा पाउन छोड्यो, तब मानिसहरू आतङ्कित बनेको थियो। पसलहरूमा अत्यन्तै कम भएको मास्कहरू किन्न मानिसहरू धेरै लाममा पर्खिएर उभिन थालेको थियो। "ती संघर्ष गरिरहेका मानिसहरूलाई मैले कसरी सहायता गर्ने?" भनेर मैले सोच्न थालें।

जब मैले यो सोचें, तब म युवा अवस्थमामा हुँदा सिलाइ मेशिनमा लुगा सिउन सिकेको याद आयो। मैले घरमै कपडाको मास्क सिलाउन थालें। जब मैले मास्कहरू बनाउन थालें, तब चर्चको अरू सदस्यहरूले सुने र तिनीहरूले सहयोग गर्न थाले। तिनीहरूको संलघ्नताले मलाई झन उत्साहित बनायो र बल पनि दियो। सुसमाचारीय प्रचारबाट अलगिएका चर्चको सदस्यहरू कोभिड-१९को कारण ख्रीष्टमा बल पाइरहेकोमा मलाई धेरै खुशी लाग्यो। हाम्रो परमेश्वर अचम्मको हुनुहुन्छ। सङ्कटहरूलाई उहाँले अवसरको रूपमा प्रयोग गर्नुहुन्छ। भाइरसले गर्दा मानिसहरू एक आपसमा टाढा हुन पुगेकाहरू हान्ड सानिटाइजर र मास्कले गर्दा नजिक हुन थाल्यो। हामीले ३००० हान्ड सानिटाइजर सिसीहरू र सयौं मास्कहरू बितरण गर्‍यौं।

यसरी हान्ड सानिटाइजर र मास्क बितरण गर्ने काम परमेश्वरको शक्तिले भएको मैले महसुस गरें। तर प्रार्थना गर्छु कि यस विश्व कोभिड-१९ले होइन तर "परमेश्वरको बारेमा ज्ञान समुद्रमा पानी भरिएको जस्तै भरियोस्," (यशैया ११:९)।